कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७७/७८
च.नं. :- ६२६

मिति: २०७७।०९।१६

सूचना !　　　　　सूचना !!　　　　　सूचना !!!

**बिषय: गाउँ कार्यपालिकाको कार्यालय सञ्चालनका निम्ति भाडामा घर लिने सम्बन्धमा ।**

प्रस्तुत विषयमा गाउँ कार्यपालिकाको कार्यालय तथा बिभिन्न शाखामा जनशक्ति व्यवस्थापन गर्न तपसिलमा उल्लेखित मापदण्ड भएको घर भाडामा लिनुपर्ने भएको हुदाँ घरभाडामा दिन इच्छुक यासोक बजारवासीको लागि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४ को उपनियम (१) बमोजिम ७ (सात) दिनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल:

घरको मापदण्ड

१. कार्यालय सञ्चालनका लागि कम्तिमा १५ वटा कोठा भएको पक्की घर,
२. सरसफाइ गर्न सजिलो भुई रहेको, शौचालय र पानीको राम्रो व्यवस्था भएको,
३. हाल गाउँपालिका रहेको स्थानबाट कम्तीमा २०० मिटर आसपास क्षेत्रभित्र भएको हुनुपर्नेछ ।

पेश गर्नुपर्ने कागजपत्रहरु:

१. घरधनीको नागरिकताको प्रमाणपत्र प्रतिलिपी थान -१
२. घरधनी पुर्जाको प्रतिलिपी -१
३. घर निर्माण सम्पन्न प्रमाणपत्र -१
४. घरको अवस्था र कोठाहरुको अवस्था स्पष्ट झल्किने फोटो
५. प्रति कोठा भाडादर स्पष्ट उल्लेख गरिएको निवेदन

नोट: घरबहाल कर लगायत घरधनी स्वयंले ब्यहोर्नु पर्नेछ , आवश्यकता अनुसार समय समयमा घर मर्मत, रंगरोगन गर्ने कार्य घरधनीले नै गर्नुपर्नेछ ।

०७७।९।१६

.......................................
बाबुनन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत

बाबुनन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:

श्री जिल्ला समन्वय समितिको कार्यालय, पाँचथर ।
श्री जिल्ला प्रशासन कार्यालय, पाँचथर ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, फिदिम-पाँचथर ।

फोन: ०२४-४१३०६१